# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिका, दोलखाद्वारा प्रकाशित

| खण्ड ४ | सङ्ख्या ३ | मिति: २०७७/१२/१७ |
|---|---|---|


**भाग २**

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको कार्यविधि सङ्ख्या ३

# विपन्न लक्षित शैक्षिक गुणस्तर कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना**

नेपालको संविधानमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने र आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हकको सुनिश्चितता गरिएको छ । त्यसैगरी बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद,

मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुने र असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने कुरा उल्लेख गरिएको छ । साथै संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूचीमा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको छ । सरकारी विद्यालयहरूको हालको शैक्षिक गुणस्तरलाई विश्लेषण गर्दा तुलनात्मक रुपमा कमजोर रहेको पाइन्छ त्यसमा पनि आर्थिक सामाजिक रुपमा विपन्न वर्गका बालबालिकाको अवस्था अझ दयनीय रहेको छ । स्थानीय सरकारलाई दिएको अधिकार प्रयोग गर्न, बालबालिकाकोको अधिकार सुनिश्चित गर्न र विपन्न बालबालिकाको शैक्षिक गुणस्तर सुधार गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ञ) र कालिञ्चोक गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी यो "विपन्न लक्षित शैक्षिक गुणस्तर कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" कार्यविधि तयार गरी पारित गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधि नाम "विपन्न लक्षित शैक्षिक गुणस्तर कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

   क) कार्यविधिको क्षेत्रः यो कार्यविधि कालिञ्चोक गाउँपालिकाभित्र लागु हुनेछ ।

   ख) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

   क) "कोष" भन्नाले सङ्घीय सरकारबाट वा बागमती सरकारबाट प्राप्त विपन्न लक्षित शैक्षिक गुणस्तरीय परियोजनाबाट प्राप्त रकमलाई जनाउने छ । स्थानीय सरकारबाट समेत बजेट विनियोजन गरि यस कोषमा राख्न सकिनेछ ।

ख) "मूल समिति" भन्नाले गाउँपालिका अन्तर्गत रहेको गाउँ शिक्षा समितिलाई सम्झनुपर्दछ ।

ग) "कार्यान्वयन समिति" भन्नाले विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

घ) "विपन्न बालबालिका" भन्नाले आफ्नो आर्थिक अवस्था कमजोर भएको न्यूनतम क्यालोरी पुरा हुने गरी खान नपुग्ने, नियमित स्थायी आम्दानीको स्रोत नभएको, आफ्नो आम्दानीले पर्याप्त खान, लाउन, बस्न, शिक्षा, स्वास्थ्य, उपचार गराउन नपुग्ने परिवारका बालबालिकालाई जनाउँछ । जसमा बुवा आमा दुवै नभएका, बुवा वा आमा नभएका, अपाङ्गता भएका, बुवा आमा अपाङ्गता भएका आर्थिक सामाजिक रुपमा पछाडि परेका वा पारिएका र अरुको घरमा आश्रित रहेका बालबालिकालाई जनाउँछ ।

ङ) "कार्यपालिका" भन्नाले नेपालको संविधानको धारा २१५ बमोजिमको कालिञ्चोक गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य यस प्रकार रहेका छन् ।

१) विपन्न बालबालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि आवश्यक नीति कार्ययोजना तयार गर्ने ।

२) विपन्न बालबालिकाको पहिचान गरी, गराई उनीहरुको शैक्षिक गुणस्तर अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गर्ने ।

३) शैक्षिक संस्था मार्फत गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

४) विपन्नताको कारणबाट न्यून सिकाइ उपलब्धि हासिल भएका बालबालिकाहरुको लागि उच्च सिकाइ उपलब्धि हासिल गर्ने ।

५) विपन्न बालबालिकाको परिवारलाई सचेतीकरण गर्दै उनीहरुको आर्थिक उर्पाजनमा टेवा पुऱ्याउने ।

६) सामुदायिक विद्यालयलाई गुणस्तर नवप्रवर्तनयुक्त बनाइ शैक्षिक रुपान्तरण गर्ने ।

७) विद्यालयको शैक्षिक गुणस्तरमा निर्धारित मापदण्ड कायम गर्नु ।

८) जनप्रतिनिधिहरूको विद्यालयप्रतिको अपनत्वमा बढोत्तरी गर्नु ।

९) विद्यालय अनुगमन गरी सुधारका लागि सुझाव प्रदान गर्नु ।

१०) बार्षिक समीक्षा मार्फत अबस्था विश्लेषण गरी नयाँ योजनाको तयारी गर्नु ।

११) विद्यालयको समग्र पक्षको सुधार गरी सिकाइ उपलब्धि वृद्धि गर्नु ।

**४. कोषको व्यवस्थाः**

गाउँपालिकामा विपन्न बालबालिकाको शैक्षिक गुणस्तर अभिवृद्धिको लागि एक कोष स्थापना गरिने छ। उक्त कोषमा देहाय अनुसार रकम जम्मा गरिने छः

१) सङ्घीय सरकार वा बागमती प्रदेश सरकारबाट विपन्न लक्षित शैक्षिक गुणस्तरीय परियोजनाबाट प्राप्त रकम ।

२) स्थानीय सरकारबाट विनियोजन गरी यस कोषमा राखिएको रकम ।

३) विभिन्न दातृ निकायबाट यस कोषमा जम्मा गरिएको रकम ।

**५. कोषको रकम खर्च गर्ने तरिकाः**

यस कोषमा जम्मा रहेको रकम गाउँपालिकाबाट मूल समिति/विद्यालय/विद्यार्थीले तयार गरेको कार्ययोजना बमोजिम देहायको क्षेत्रमा खर्च गर्न सकिने छ ।

१) कार्यविधि, नीति, कार्ययोजना तयारी,

२) तथ्याङ्क सङ्कलन व्यवस्थापन,

३) आधारभूत तहको परीक्षा व्यवस्थापन,

४) विद्यालय शैक्षिक सुधारका लागि सूचकमा आधारित शैक्षिक गतिविधिको आवधिक लेखाजोखा, समीक्षा र मूल्याङ्कन,

५) विपन्न बालबालिका अभिभावक अभिमुखीकरण र आय आर्जन सहयोग कार्यक्रम

६) नमुना कक्षा प्रदर्शनी

७) अतिरिक्त क्रियाकलाप सञ्चालन ( खेलकुद, हाजिरी जवाफ, वादविवाद, निबन्ध प्रतियोगिता आदि)

८) सिकाइमैत्री कक्षा व्यवस्थापन

९) विद्यालय भौतिक सुधार कार्यक्रम

१०) विद्यालय पुनः भर्ना अभियान

११) सूचना प्रविधिको माध्यमबाट शिक्षण सिकाइ

१२) उत्कृष्ट बालबालिकाको लागि छात्रवृत्ति वितरण

१३) विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक

**६. कोषको खर्चका सीमाहरुः**

कोषमा रहेको रकमलाई सत प्रतिशत मानी सो रकमलाई बुँदा नं. ५ मा उल्लख गरिएका क्षेत्रहरुलाई देहाय बमोजिम विभाजन गरी कार्यक्रम अगाडि बढाइने छ ।

क) अति विपन्न बालबालिका अभिभावक आय आर्जन कार्यक्रम (आय आर्जन सहयोग, विपन्न बालिबालिका अभिभावक सचेतीकरण आय आर्जन समेत) - ७५ प्रतिशत

ख) शैक्षिक सामाग्री - १५ प्रतिशत

ग) प्रशासनिक खर्च (बैठक, फाराम छपाई सर्भेक्षण तथ्याङ्क सङ्कलन र विश्लेषण आदि) - ५ प्रतिशत

घ) अभिमुखीकरण, अनुगमन र क्षमता विकास - ५ प्रतिशत

तर, विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति वितरणको हकमा विद्यार्थीहरुबाट कार्ययोजना तयार गर्न लगाई बुँदा नं. ७ बमोजिम छनौट भएका बालबालिकालाई छात्रवृत्ति वितरणको लागि अधिकतम ५ प्रतिशतसम्म व्यवस्थापन खर्च  राखी अन्य रकम वितरण गर्न बाधा पर्नेछैन ।

## ७. लाभान्वित बालबालिका र अभिभावक छनौटका आधारहरु

१) लाभान्वित बालबालिका र अभिभावक छनौटका लागि सम्बन्धित विद्यालय मार्फत अनुसूची -१ बमोजिमको फाराम भराइ गाउँपालिकाको शिक्षा शाखामा पेस गर्नु पर्नेछ ।

२) बुदाँ नं. १ बमोजिम फाराम गाउँपालिकाको कार्यालयमा प्राप्त भए पश्चात गाउँ शिक्षा समितिका सदस्य सचिव मार्फत सोही फारामको आधारमा लाभान्वित वर्गलाई “क” “ख” “ग” “घ” वर्ग वा लक्षित वर्गमा विभाजित गरी अङ्क निर्धारण गरी कार्यालय प्रमुखद्वारा कार्यपालिका बैठकमा पेस भएपश्चात कार्यपालिकाको बैठकबाट लक्षित वर्गको अन्तिम छनौट गरिनेछ ।

## ८. अनुगमन, मुल्याङ्कन र प्रतिवेदन

१) अनुगमन तथा मूल्याङ्कनः उक्त कार्यक्रमको अनुगमन विद्यालय, गाउँपालिकामा रहेको अनुगमन समिति, गाउँ शिक्षा समिति र आवश्यक परेको खण्डमा वडा कार्यालयबाट गरिने छ। कार्यक्रम सम्पन्न भएपछि त्यसको प्रभावकारिताको लागि मुल्याङ्कन गरी भावी दिनमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन प्राप्त सुझावहरुको अनुसरण गरिनेछ  ।

२) प्रतिवेदन सम्बन्धी व्यवस्थाः कार्यान्वयन समिति वा सम्बन्धित विद्यालयले आफूले गरेको कार्यहरु र प्राप्त उपलब्धि र खर्चको विवरण सहितको प्रतिवेदन गाउँकार्यालिकाको कार्यालयलाई

उपलब्ध गराउनुपर्नेछ। प्रतिवेदन र अनुगमन समेतको आधारमा गाउँपालिकाको कार्यालय र गाउँ शिक्षा समितिले कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसरी दिइएको निर्देशन तथा सुझावलाई कानुनको परिधिमा रही कार्यान्वयन समितिले पुरा गर्नुपर्नेछ। सेवाहरूको यस कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष परीक्षण (स्वःमूल्याङ्कन) गराइ सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गाउँपालिकाको कार्यालयमा कार्यालयले उपलब्ध गराएको बमोजिमको ढाँचामा पेस गर्नुपर्नेछ ।

३) कार्यक्रम सम्पन्न भएपश्चात विद्यालयको सिफारिस, अनुगमन र प्रतिवेदनको आधारमा सम्बन्धित विद्यालय वा विद्यार्थी वा अभिभावकको खातामा अन्तिम भुक्तानी गरिने छ ।

४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित कानुन बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सिमित गर्नेछैन ।

**९. हेरफेर तथा संशोधनः**

गाउँकार्यपालिकाले उल्लेखित कार्यविधिमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

**१०. व्याख्याको अधिकारः**

यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा सो मापदण्डको व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

**११. खारेज वा अमान्य हुनेः**

कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानुनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

# अनुसूची - १

## (बुँदा नं. ७ सँग सम्बन्धित)

विद्यार्थीको नामः

विद्यालयको नामः

### विपन्न बालबालिका छनौटका आधारहरु (मापदण्डहरु)

| क्र. सं. | छनौटका मापदण्ड | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | अभिभावक नभएको | १० | |
| | क. आमा बावु दुवै नभएको | १० | |
| | ख. आमा बाबुमध्ये एक नभएको | ५ | |
| २ | अपाङ्गता भएको | १० | |
| | क. बालक अपाङ्गता भएको<br>ख. अभिभावक अपाङ्गता भएको | ख वर्ग - ५ ग वर्ग ३ घ वर्ग २<br>दुवैजना ख वर्ग - ५ ग वर्ग ३ घ वर्ग २<br>एक जना ख वर्ग - ३ ग वर्ग २ घ वर्ग १ | |
| ३ | अभिभावक दीर्घ रोगी भएमा, कुनै पेशा, व्यवसाय र काम गर्न नसक्ने भएमा | ५ | |
| | क. अभिभावक दीर्घ रोगी भएमा, कुनै पेशा, व्यावसाय र काम गर्न नसक्ने भएमा | दुवै जना - ५<br>एक जना - २ | |

| | | | |
|---|---|---|---|
| ४ | समावेशी (घर परिवारका सदस्य रोजगार भएमा अन्य सरह हुने) | ५ | |
| | क. दलित<br>ख. जनजाती<br>ग. अन्य | ५<br>४<br>३ | |
| ५ | बैदेशिक रोजगार | ५ | |
| | क परिवारको सदस्य रोजगारीमा नरहेको | ५ | |
| | ख. भारतमा गएको | ४ | |
| | ग. खाडी मुलुक वा सो सरहमा गएको | ३ | |
| | घ. यूरोप/अमेरिका/जापाना वा सो सरहमा गएको | १ | |
| ६ | पेशा/व्यावसाय | ५ | |
| | क. ज्याला/मजदुरी/न्यूनतम वेतन (नेपाल सरकारले निर्धारण गरेको न्यूनतम वेतन) भन्दा कममा काम गर्ने | ५ | |
| | ख. कृषि/खुद्रा व्यापार/ नोकरी/ व्यापार/ पशुपंक्षी व्यवसाय/ पेन्सन | १ | |
| ७ | जग्गा जमिन | ५ | |
| | क. सुकुम्बासी | ५ | |
| | ख. ३ रोपनीभन्दा कम | ४ | |
| | ग. ३ देखि ७ रोपनीसम्म | ३ | |
| | घ. ७ देखि १५ रोपनीसम्म | २ | |
| | ङ. १५ रोपनीभन्दा माथी | १ | |

| | | | |
|---|---|---|---|
| ८ | घरको किसिम | ५ | |
| | क. ढुङ्गा-माटो | ५ | |
| | ख. दुई कोठे पक्की | ४ | |
| | ग. ढलान चार कोठासम्म | २ | |
| | घ. ढलान चार कोठामाथी | १ | |
| ९ | भौतिक पूर्वाधार | ५ | |
| | क. टिभि नभएको | १ | |
| | ख. मोटरसाइकल नभएको | १ | |
| | ग. गाडी नभएको | १ | |
| | घ. फ्रिज नभएको | १ | |
| | ङ. घरमा धारा नभएको | १ | |
| १० | अरुको घरमा आश्रित बालबालिका | ५ | |
| | क आश्रित भएको | ५ | |
| १२ | अन्य आधारहरु आवश्यकताको आधारमा थप गर्न सकिने | | |
| | | जम्मा प्राप्ताङ्क | |

**प्रमाणीकरण मितिः २०७७/१२/१७**

**आज्ञाले,**
**नवराज ओली**
**प्रमुख प्रशासकीय अधिकृत**